नेपाल सरकार

शिक्षा मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

## बालसन्दर्भ सामग्री लेखनसम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०६५/९/ ....गते)

यस आ.व. ०६५/०६६ मा राई चाम्लिङ, थकाली र संस्कृत भाषामा कथा, जीवनी र संस्कृति यी तीन विधासँग सम्बन्धित तीनतीनओटाका दरले ९ ओटा बालसन्दर्भ सामग्री विकास गर्ने कार्यक्रम रहेकाले इच्छुक लेखक तथा संस्थाहरूबाट निम्नलिखित आधारमा सामग्री तयार गरेर सिलबन्दी गरी यो सूचना प्रथम पटक प्रकाशित मितिले ६० (साठी) दिनभित्र यस केन्द्रमा आइपुग्ने गरी पठाउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

### सामग्री विकासका आधार

१. सामग्री प्राथमिक तहका बालबालिकाको स्तर सुहाउँदो सरल र रोचक हुनुपर्नेछ ।

२. सामग्री १२ देखि १५ पाठ भएको ३५ देखि ४० पृष्ठसम्मको हुनुपर्नेछ ।

३. सामग्रीहरू गोप्य मूल्याङ्कनका आधारमा स्वीकृत गरिनेछ ।

४. सामग्री पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्न सकिनेछ । स्वीकृत सामग्रीका लागि प्रति सामग्री रु.१२०००।- मा नियमानुसार कर कट्टि गरी बाँकी पारिश्रमिक रकम उपलब्ध गराइनेछ ।

५. म्याद भित्र उपलब्ध नभएका र तोकिएको विषयक्षेत्र बाहेकका सामग्रीहरू छनोटका लागि मूल्याङ्कन गरिने छैनन् ।

६. थप जानकारीका लागि पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरमा सम्पर्क गर्न सूचित गरिन्छ ।